'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ४४ | मंगलवार २२ असोज, २०८१ | 08 (Tuesday) October 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

## लुम्बिनी प्रदेशमा सडकको वर्गिकरण

# प्रदेशको पहिचान झल्कने स्थान अनुसारका सडक संरचना बनाइने

■ नमस्ते समचारदाता

दाङ, असोज/२१



प्रदेश सरकारले प्रदेशको पहिचान झल्कने गरी प्रदेश भरी स्थान विशेषको भौगोलिक अवस्था अनुसार सडकको वर्गीकरण मापदण्ड बनाउन लागेको जानकारी गराएको छ । लुम्बिनि प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयल अन्तरगत रहने गरी 'प्रादेशिक सडक सञ्जाल गुरुयोजना' बनाउन लागिएको र यसको संरचना कस्तो बनाउने भन्ने विषयमा भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रदेशसभा सदस्यहरु सँग गुरुयोजनाको बारेरुमा छलफल अघि बढाएको बाँकेका प्रदेश सभासदस्य रत्न खत्रीले कताएका छन् । बाँके र बर्दिया जिल्लाका प्रदेशसभा सदस्यहरुसँग छलफल सकेर मन्त्रालयले आइतबार रुकुम पूर्व, रोरुल्पा, प्युठान र दाङका प्रदेशसभा सदस्यहरुसँग समेत छलफल गरेरुको छ । गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रुपन्देही, पाल्पा, पश्चिम नवलपरासी जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्यहरुसँग छिटै छलफल गरिने मन्त्रालयले जानकारी गराएको छ। छलफलमा सहभागी प्रदेशसभा सदस्यहरुले प्रदेश यातायात ऐनको आधारमा गुरुयोजना निर्माण गरिनुपर्ने, आफ्नो प्रदेश अन्तरगत पर्ने सबै सडकहरुको (पूर्वपश्चिम राजमार्ग, मध्य पहाडी भागमा पर्ने लोकमार्ग समेत) मर्मत सम्भारको जिम्मेवारी समेत प्रदेश सरकारले लिनुपर्ने सुझाव दिएका दिएका छन् । मुख्यमन्त्री चेतनारायण आचार्यले प्रादेशिक सडक सञ्जाल गुरुयोजनाले प्रदेशको आफ्नै लोकमार्ग र सडक छुट्याउने बताएका छन् । आचार्य भने, ' हाम्रो प्रदेशमा प्रदेश सरकारले आफू मातहतमा हुने सडकको पहिचान स्थान विशेषको भौगोलिक अवस्था अनुसार गराउने तथा त्यहाँ निर्माण हुने सडकहरुको मर्मत र संरक्षणमा पनि प्रदेश सरकार कै अधिकार रहने गरी गुरुयोजना बनाउन लागेका छौं' । मुख्यमन्त्री आचार्यले थपे, - 'अहिलेसम्म प्रदेशको लोकमार्ग कुन हो ? कुन सडकमा लगानी गर्ने भन्ने छुट्टिएको थिएन । माग भएर आएका सडकको योरुजनामा बजेट राख्ने गरिएको थियो । अबदेखि प्रदेशको आफ्नै लोकमार्ग र सडक हुनेछ' । 'छलफलमा आएका सुझावहरुलाई आधार मानेर गुरुयोजनालाई टुंग्याएर कार्यान्वयनमा लगिन्छ । यो गुरुयोजनाले प्रदेशको सडक पूर्वाधार विकासमा नयाँपन थप्नेछ ।' असोज महिनाभित्र गुरुयोजनालाई टुंग्याउने गरी मन्त्रालयले काम अघि बढाएका छौं' । त्यस्तै भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले गुरुयोजनाको मस्यौदामाथि छलफल गरेर अन्तिम रुप दिन थालिएको बताए । प्रदेशले आफ्ना सडकहरु निर्धारण गरेपछि प्राथमिकताको आधारमा निर्माणको काम, संरक्षण र सम्वर्द्धनको काम पनि सँगैरु लैजाने मन्त्री ढकालको भनाइ छ । लुम्बिनी प्रदेरुश सरकारले २०७७ सालमा सडक निर्माण, मर्मत सम्भार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ल्याएको थियो ।

बाँकी ३ पेजमा...














नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## संघमा योग्य र दुरदर्शी नेतृत्वको आवश्यकता

कोहलपुर उद्योग वाणिज्य संघमा आगामी कार्तिक ३ गते नयाँ नेतृत्वका लागि निर्वाचन हुँदैछ । यस्ता सामाजिक संस्थाहरुमा क–कस्ले जिते भन्ने कुराले खासै अर्थ राख्दैन । नेतृत्व कस्ले जित्यो भन्ने कुरा नै महत्वपूर्ण हुन्छ । त्यसैले चुनावी दौरानमा पनि नेतृत्व कै वरिपरीबाट प्रश्नहरु उठ्छन्/उठाइन्छन् । यति बेला पनि त्यस्तो प्चार गरिएको पाइन्छ । नेतृत्वमा महिला हुनु वा पुरुष हुनुमा त्यस्ले केही फरक पार्दैन । फरक पार्छ त नेतृत्वको क्षमता, उसमा अन्तरनिहीत चेतनाको स्तर र दुरदर्शीताले । कोहलपुरका व्यावसायीहरुका लागि स्थापना कालका अध्यक्ष कर्ण बहादुर थापा देखि वर्तमान अध्यक्ष लक्ष्मण राज पौडेल सम्मको नेतृत्व बारेमा थाहै छ होला । को को ले सक्तो काम गरे र कस्तो काम गर्दै छन् भन्ने कुरा । स्थापना कालमा संघको संरचना र प्रक्रियागत पद्धती बनाउनु/बसाउनु नै नयाँ काम भएकोले स्वभाविक रुपमा जटिल थियो नै । जटिलताको बिचबाट संरचनागत पद्धतीमा लैजानु नै त्यो समयको सफलता मान्नु पर्दछ । कोहलपुर उद्योग बाणिज्य संघले विगतमा सामाजिक क्षेत्रमा केही सम्झना योग्य काम पनि गरेको छ।

# नागरिक सुरक्षाको जिम्मेवारी

**डा. सुरेश आचार्य**




हिन्दुहरूको महान् चाड दसैं मध्य हुन लागेको छ । गाउँघर छाडेर सहर पसेकाहरू दसैंको रमाइलो र मान्यजनको आशीर्वादका लागि गाउँ फर्कने क्रम सुरु भइसकेको छ तर यस पटकको दसैं असोज ११ र १२ गतेको भीषण वर्षाले निम्त्याएको विपत्का कारण असहज बनेको छ । वर्षा गराउने मनसुनी प्रणाली कमजोर हुँदै गएको र अब अघिल्लो साताको जस्तो ठुलो वर्षा नहुने भनिए पनि आवागमन सहज छैन । तीन तहका सरकार र जनप्रतिनिधि नागरिकको दसैंलाई सहज बनाउन डोजर र स्काभेटरका अघिपछि कुदेको देखिए पनि गाडीको यात्राको जोखिम टरेको छैन । कतिपय ठाउँमा वर्षा भइरहेकै छ । सडकमा आएको पहिरो हटाउँदै गर्दा माथिबाट पहिरो खस्ने घटना भइरहेकै छन् । यस्तो परिस्थितिमा पनि यात्रा गर्न तम्सिएकाहरूले दसैंमा घर पुग्न कति दुःख झेल्नु पर्ला । सुदूरपश्चिम प्रदेशबाट केही दिनमा मनसुन बाहिरिन सक्ने सम्भावना देखिएको छ तर देशभरबाट पूर्ण रूपमा मनसुन बाहिरिने सम्भावना भने तत्काल छैन । सरकारले नागरिक सुरक्षाका लागि भन्न सक्नु पर्छ-प्राकृतिक विपत्तिका कारण सडक यात्रा सुरक्षित बन्न सकेको छैन । यसका लागि अझै समय लाग्न सक्छ । तसर्थ, हामी जो जहाँ छौं, यस पटकको दसैं त्यहीँ बसेर मनाउँ । दसैं अर्को वर्ष पनि आउँछ, जीवन फेरि फर्केर आउँदैन तर भने जस्तो मनाउन पनि त्यति सजिलो छैन । यो सूचना आउने हो भने तिनैले लेख्न थाल्ने छन् : दसैं जस्तो महान चाडमा पनि घर जाने व्यवस्था गर्न नसक्ने सरकारको के काम ? त्यसैले खोलाका बगरमा डोजर र स्काभेटर कुदेका छन् । गलेको पहाडमा वैकल्पिक मार्ग खोल्ने नाममा डोजरे सडक निर्माण सुरु भएको छ । कुन ठाउँमा डोजर चलाउँदा त्यहाँ असुरक्षा हुन सक्छ, त्यसको कुनै पर्वाह छैन । डोजर कुदेको देखेर नेपाली मन खुसी भएको छ : दसैंमा घर जान पाइने भइयो भनेर । यस पटक राज्यले ठुलो विपत्को सम्भावनाका बारेमा समयमा नै जानकारी गराएको थियो । जल तथा मौसम विज्ञान विभागले असोजको दोस्रो साता बिहीबारदेखि आइतबार (९ देखि १२ गतेसम्म) सबैभन्दा बढी पानी पर्ने भनेर ५६ जिल्लामा रेडअलर्ट जारी गरेकै थियो । समयमा सूचना दिने सरकारले सुरक्षाको व्यवस्थाचाहिँ त्यस अनुरूप गरेको देखिएन । हजारौं गाडी सडकमा अलपत्र पर्ने अवस्था सरकारको अव्यवस्थापनको परिणाम हो । यी क्षेत्रमा विपत्ति आउन सक्छ भनेर सूचना गर्ने सरकारले त्यहाँ अत्यावश्यकबाहेकका गाडी नचलाउनका लागि नियन्त्रणको प्रयत्न गरेको देखिएन । विपत्ति सुरु भइसकेपछि सरकारले यातायात सेवा सञ्चालनमा रोक लगायो । जब सरकारलाई विपत्ति आउँदै छ भन्ने थाहा थियो, दिउँसै पनि यसरी गाडी चलाउने छुट दिनु हुन्थेन । ट्राफिक प्रहरीलाई गाडी, चालक र यात्रुको सुरक्षाको जिम्मेवारी पनि मेरो हो भन्ने ज्ञान र चेत हुनु आवश्यक थियो । सरकारलाई लागेको हुन सक्छ ( अत्यावश्यक काममा बाहेक बाहिर ननिस्कन सूचना दिएकै छ, नागरिक ढुक्कसँग घर बसिहाल्छन् । राज्यको दायित्व पूरा भइहाल्यो तर कतिपयले यो सूचनालाई ख्याल गर्नु पर्छ भनेको देखिएन । बाढीको भेल बढेको पुलमाथि उभिएर रमिता हेर्न रमाउने पनि छन् भनेर सरकारले हेक्का राखेन । नियम वा आदेशको उल्लङ्घन गर्नु बहादुरी ठान्ने पनि छन् भन्ने सरकारले बिर्सन चाह्यो । नागरिक प्रवृत्ति जे जस्तो भए पनि नागरिकको सुरक्षाको दायित्व राज्यको हो । उनीहरूले मानेनन् वा टेरेनन् भनेर उनीहरूलाई असुरक्षित ठाउँमा जान दिनु राज्यको कमजोरी हो । पहिरो जाँदै गरेको कुनामा पुगेर गाडी रोक्न दिने होइन, त्योभन्दा धेरै पर सुरक्षित ठाउँमा नै रोक्ने हो । यति सामान्य कुरामा पनि राज्य संयन्त्र कमजोर देखियो । त्यसै पनि विपत्मा सरकारको आलोचना हुन्छ । हरेक विपत्मा यी प्रवृत्ति देखिएकै छन् ।

राज्यका हरेक निकायको आँखा हरेक नागरिकको सुरक्षामा हुनु पर्छ । यो सर्वमान्य मान्यता हो । अन्यथा राज्य संयन्त्र खडा गरिरहनु पर्दैन तर हाम्रा संयन्त्र र संरचनाले नागरिकप्रतिको यो दायित्व बोध गरेकै छैनन् । उनीहरूलाई नागरिक सेवाका निम्ति नागरिक करबाट सेवाका लागि खटाइएको हो भन्ने अनुभूति नै छैन । हरेक विपत्मा सरकारको आलोचना हुने अवस्थाको मूल कारण राज्य संयन्त्रमा रहनेहरूको मनोविज्ञान दोषी छ । सरकारले विपत्को अवस्थाबारे पूर्वतयारी गर्न र विपत्पछिको खोज, उद्धार, राहत र पुनर्स्थापनाको काम गर्ने महत्वपूर्ण जिम्मेवारीका लागि २०७६ मङ्सिर २० मा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण नै गठन गर्‍यो । यो अयाको काम नै विपत्अघिको पूर्वतयारी गर्ने हो ।

*–गोरखापत्र*












# डुडुवा खोलामा डुबेका बालकको शव फेला

■ नमस्ते समचारदाता

बाँके, असोज/२१

पौडी खेल्नेक्रममा शनिबार डुडुवा खोलामा डुबेर बेपत्ता भएका एक बालकको शव आइतबार प्रहरीको गोताखोर टोलीले फेला पारेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेले दिएको जानकारी अनुसार शनिबार दिउँसो करिब ३ बजेको समयमा सात जना बालक नेपालगन्ज २० राँझास्थित डुडुवा खोलामा पौडी खेल्न गएका थिए । हुम्ला सिमिकोट-७ घर भई हाल नेपालगञ्ज २० राँझामा डेरा



गरी बस्ने वर्ष १६ का उपेश शाही डुबेर बेपत्ता भएका थिए । उपेश पौडी खेल्न ओलामा पसेको र खोलाबाट बाहिर ननिस्केपछि उनी डुबेको स्थान वरिपरि शनिबार नै सशस्त्र प्रहरी, राँझा प्रहरी बिट र इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरी टोलीले बेलुकासम्म खोजतलास गर्दा पनि उनको कुनै पत्ता लागेको थिएन । तर, आइतबार सशस्त्र प्रहरी बल नेपाल नम्बर ४२ रिजर्भ गण हेडक्वाटर शमशेरगन्ज बाँकेबाट सशस्त्र प्रहरी निरीक्षक केशव बुढाको कमाण्डमा ७ जनाको लाइफबोट समेतको गोताखोर टोलीले डुबेकै स्थानबाट बालक शाहीको शव फेला पारेको जिल्ला प्रहरी कार्यालय बाँकेले जानकारी गराए । घटनास्थलको वरपरको प्रारम्भिक अनुसन्धान र मुचुल्का गरे लगत्तै शवलाई पोष्टमार्टमका लागि भेरी अस्पताल नेपालगञ्ज पठाइएकोमा दिउँसो पोस्टमार्टम गरेर शवलाई मृतकका ठुलो बुवा प्रेमबहादुर शाहीलाई बुझाएको प्रहरीले जनाएको छ ।

## प्रदेशको...

यो ऐनलाई कार्यान्वयन गर्ने गरी प्रदेश सरकारले अहिले प्रादेशिक सडक गुरुयोजना निर्माणको काम अघि बढाएको हो । बाँकेका प्रदेशसभा सदस्य रत्नबहादुर खत्रीले प्रदेश सरकारले सडक सञ्जाल गुरुयोजना निर्माण गरी काम गर्दा प्रदेशमा हुने विकास निर्माणलाई समेत टेवा पुग्ने बताए । खत्रीले गुरुयोजनाको आधारमा सरकारले बजेटमा प्राथमिकता दिनुपर्ने धारणा राखे । लुम्बिनि प्रदेशमा तीन सय ८९ वटा सडक रहेका छन् । जसमध्ये ३१ वटा प्रादेशिक सडकको रुपमा पहिचान भएका छन् । यी सडकहरुले दुई वा दुई भन्दा बढी जिल्ला जोडेका छन् । जसको लम्बाई एक हजार पाँच सय ६१ किलोमिटर छ। पाँचवटा सडक २० किलोमिटर भन्दा सानो लम्बाइका छन् । प्रदेश सरकारले अघि बढाएको प्रदेश गौरवको आयोजनामा पर्ने रामपुर कपुरकोट सडकखण्ड एक सय ९६ किलोरुमिटर लामो छ । सडक गुरुयोजना निर्माण भएपछि सोरुही आधारमा निश्चित अवधि तोकेर सडक पूर्वाधार निर्माण सम्पन्न गर्ने सरकारले तयारी गरेरुको हो ।
















# कोहलपुरमा महिलाको नेतृत्व हेर्ने व्यावसायीको चाहना

■ नमस्ते समचारदाता
कोहलपुर, असोज/२१

आसन्न कोहलपुर उद्योग वाणिज्य संघको निर्वाचनमा आगामी कार्तिक ३ गते हुदैछ। अहिले दुई समुहहरु प्यानल बनाएर मतदाता भेटघाटमा व्यस्त छन । दुबै समुहले आआफ्नो प्यानल विजयी हुने दावी गरेका छन । लकडाउनपछि व्यवसायीहरु समस्यामा परेको बेला वाणिज्य संघले भने व्यवसायीलाई खासै वास्ता नगरेको गुनासो छ । कोहलपुरका व्यवसायी भन्छन, 'यसपटक नयाँ नेतृत्वलाई जिताउने हो । 'पटक पटक जिम्मेवारी पदमा बसेर पनि प्रभावकारी काम गर्न नसक्ने उमेदवारलाई नेतृत्वमा ल्याउदा झन ठुलो समस्या पर्नसक्ने व्यवसायीको बुझाई छ । कोहलपुर १० का व्यवसायी कमला पाण्डे भन्छिन, 'यसपटक नयाँ नेतृत्वलाई जिताएर हेर्ने हो । 'व्यापार मेला लगाउने मात्रै उद्योग बाणिज्य संघको काम नभई व्यवसायीको पक्षमा



इमानदारी पुर्वक लाग्ने उमेदवार छनोट गर्नुपर्नेमा धेरै मतदाता सहमत देखिन्छन् । प्रगतिशील व्यवसायीक प्यानलले अञ्जना धितालको नेतृत्वमा प्यानल तयार भएको छ । प्यानलमा वरिष्ठ उपाध्यक्षमा भुपेन्द्र प्रसाद काफ्ले, उद्योग उपाध्यक्षमा अर्जुन प्रसाद सुबेदी, वस्तुगत उपाध्यक्षमा रुपक भुजेल, महासचिवमा दिपक अर्याल, उप-महासचिवमा गोपाल अधिकारी, कोषाध्यक्षमा गंगा बगाले, सह-कोषाध्यक्षमा टंक प्रसाद खनालले उम्मेदवारी दिएका छन् । सदस्यहरूको सूचीमा अंकित सिग्देल, एक बहादुर खड्का, कृष्ण रानाभाट, ढक बहादुर थारु, परिवर्तन विश्वकर्मा, भानुराज उपाध्याय, मोती प्रसाद सबेदी, रबि प्रसाद कर्माचार्य, र राजिव शर्मा रहेका छन् । महिला सदस्यहरूमा अस्मिता के.सी., प्रतिभा खड्का, र एशोसियट सदस्यमा दिपेश खनाल पनि उम्मेदवार छन् ।

हार्दिक शुभकामना
विजया दशमी तथा शुभ दिपावली एवम् छठपर्व २०८१ को पावन अवसरमा सबै खाले भेषभुषा तथा धर्म संस्कृतिका नेपाली दाजुभाई, दिदिबहिनीहरुको सुस्वास्थ्य दिर्घायु एवम् उत्तरोउत्तर प्रगतिको लागि
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
दुर्गा सुवेदी पौडेल (सचिव) तथा नर बहादुर मल्ल (अध्यक्ष)
सरस्वती सामुदायिक वन उपभोक्ता समुह परिवार
कोहलपुर १० र ११, कालिकानगर, बाँके

नेपालीहरुको महान पर्व विजया दशमी,
शुभ दिपावली तथा छठ पर्व-२०८१
सालको पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, बुद्धिजिवी तथा शिक्षाप्रेमीहरुमा सुख, शान्ती समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
विष्णु के.सी. (प्रबन्धक निर्देशक)
कोहलपुर बागेश्वरी ई.मी. स्कुल
कोहलपुर-३, बाँके
समस्त परिवार

नमस्ते कर्णाली
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दामोदर पौडेल (प्रिन्सिपल) एवम् लक्ष्मी सुवेदी (प्रवन्ध निर्देशक)
बाल ज्योति इ.मि. स्कुल
कोहलपुर-११, बाँके
समस्त परिवार

व्यवसायिक संरक्षण र अधिकारको सुनिश्चिता
'व्यावसायिक एकता प्रगतिशिल प्यानलको प्रतिबद्धता'
कोहलपुर उद्योग बाणिज्य संघको २०८१ कार्तिक ३ गते हुने निर्वाचनका लागि प्रगतिशिल व्यावसायिक प्यानलको प्रतिबद्धता-पत्र २०८१

सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशको मुख्य द्वारको रुपमा रहेको बाँके जिल्लाको राजनीति, शिक्षा र व्यापारको केन्द्र कोहलपुर नगरपालिकामा रहेको कोहलपुर उद्योग बाणिज्य संघ प्रगतिशिलहरुले स्थापना गरेको व्यवसायीहरुको हक अधिकारको रक्षा र कार्यान्वयन गर्ने व्यापारी उद्योगीको एक मात्र संघ हो।

कोहलपुर उद्योग बाणिज्य संघ फेरि निर्वाचनको सम्मुखमा छ। प्रगतिशिल सोच र विचारका साथ स्थापना भएको कोहलपुर उद्योग बाणिज्य संघका संस्थापक श्रदेय श्री कर्ण बहादुर थापा, श्री नरेन्द्र प्रसाद शर्मा, श्री राजेन्द्र श्रेष्ठ, श्री चिन्तामणि धिताल, श्रीचक्र बहादुर अधिकारी र हालका अध्यक्ष श्री लक्ष्मण पौडेल प्रति कृतज्ञता व्यक्त गर्दै उहाँहरुमा यो प्रगतिशिल व्यावसायिक प्यानल सम्मान व्यक्त गर्दछ।

कोहलपुर उद्योग बाणिज्य संघका संस्थापक पदाधिकारी, सदस्यहरुले देख्नु भएका सपनाहरु र लक्ष्य उद्देश्य लाई मार्ग निर्देशन विचारका रुपमा लिदैं अधि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं। कोहलपुरका नगर सरकार, वडा सरकार र सरोकारवाला निकाय र कार्यालय सँगको समन्वय र सहकार्यमा यस संघमा आवद्ध उद्योगी व्यापारीको हक अधिकारको लागि निरन्तर नेतृत्व गरिरहने वाचा गर्दै उद्योगी व्यापारीहरुको सशक्तिकरणका लागि अहोरात्र खट्ने प्रतिबद्धता व्यक्त गर्दछौं। आदरणिय उद्योगी व्यापारी ज्युहरु मत दिनुस, मतको सदुपयोग गर्नेछौ, सधै सम्मान गर्नेछौं।




नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
;Dks{M*$&@^()# OlhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके